नेपाल सरकार

# प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

सिंहदरबार, काठमाडौं
नेपाल ।

प्रेस विज्ञप्ति

पत्र संख्याः-
च.नं.: -

कोभिड-१९ को रोकथाम, नियन्त्रण तथा उपचारका लागि दैनिक रुपमा सम्पादित कार्यहरूको सन्दर्भमा उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयका अनुसार काठमाडौं उपत्यका भित्र ४,९२४ र काठमाडौं उपत्यका बाहिर ७,४५० गरी जम्मा १२,३७४ सिलिण्डर अक्सिजन आपूर्ति भएको अवस्था छ। साथै, देशभर सबै अक्सिजन उद्योगहरु संचालनमा रहेका छन्। संयुक्त बजार अनुगमन टोली बाट अत्यावश्यक दैनिक उपभोग्य वस्तुको नियमित बजार अनुगमनको क्रममा ३ वटा खाद्यान्न पसल र ३ वटा स्वास्थ्य सामग्री पसल गरी जम्मा ६ वटा पसलको अनुगमन भएकोमा ३ वटा पसललाई रु. ६०,००० जरिवाना गरिएको छ। दैनिक अत्यावश्यक उपभोग्य वस्तुको आपूर्ति नियमित भइरहेको साथै मौज्दात प्रयाप्त रहेको अवस्था छ।

अर्थ मन्त्रालयका अनुसार कोभिड-१९ को रोकथाम, नियन्त्रण र उपचारको लागि १,८४,७११ थान मेडिकल उपकरणहरू लगायत औषधीहरू पैठारी भएको छ।

संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका अनुसार असार ६ गते त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलका साथै पोखरा र लुक्ला विमानस्थलबाट विभिन्न वायुसेवाले ६१ आन्तरिक उडान भरी ९३ यात्रुको उद्धार गरिएको छ। कुल उडानमध्ये मेडिकल उद्धारको उडान संख्या ३३ रहेको छ। एयर बबल सुविधा अन्तर्गत नेपाल वायुसेवाको काठमाडौं-दिल्ली-काठमाडौ उडान भई १२१ यात्रु नेपाल आगमन भएको छ। उक्त उडानका सबै यात्रुलाई नेपाल पर्यटन वोर्डको समन्वयमा मन्त्रालयबाट सुचीकृत होटलको क्वारेन्टिनमा राख्ने व्यवस्था मिलाईएको छ। स्पेनको स्वास्थ्य सामाग्री सहितको टोली त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा अवतरण गरेको छ।

परराष्ट्र मन्त्रालयका अनुसार चीन सरकारले प्रदान गर्ने ६५० थान अक्सिजन कन्सन्ट्रेटर, २०,००० थान अक्सिजन नेजल क्यनुला र २०,००० थान अक्सिजन फेस मास्क चार्टर्ड उडान मार्फत २३ जुन २०२१ मा नेपाल ल्याउने बारे सम्बन्धित निकायमा आवश्यक समन्वय गरिएको अवस्था छ। युएईस्थित नेपाली समुदायले प्रदान गर्ने ५९,००० थान डिस्पोजेवल भाईरस नमुना स्वाव किट जुन २३ वा ३० गते नेपाल वायुसेवा निगमको उडानबाट ल्याउने सम्बन्धमा आवश्यक समन्वय भइरहेको छ।

२०७८/०३/०७

किरणराज शर्मा
प्रवक्ता

**टेलिफोन** : ४२११०६३, ४२११०२१, ४२११०७७, ४२११०६६
**फ्याक्स** : ४२११०६५, ४२११०८६, ४२११०३८, ४२११०२१, ४२११०४७, पो.ब.नं. : २३३१२, काठमाडौं, नेपाल
**ई–मेल** : info@opmcm.gov.np
**वेब साईट** : http://www.opmcm.gov.np